# नयाँ घर उपन्यासमा वर्गीय चेतना
# (Class Consciousness in the Novel *Naya Ghara*)

**अमृतादेवी शर्मा**[१]

## लेखसार

प्रस्तुत अनुसन्धानमूलक लेख आहुतिको 'नयाँ घर' उपन्यासमा अभिव्यक्त वर्गीय चेतनाका विभिन्न स्वरूपको विश्लेषणमा केन्द्रित रहेको छ। यस उपन्यासमा पञ्चायतकालीन नेपाली समाजको वर्गीय स्वरूपको विश्लेषण गर्दै त्यस समयमा सामन्ती र पुँजीवादी उत्पादनव्यवस्था विरुद्ध निम्नवर्गीय किसान र मजदुरको सङ्घर्षको आवश्यकता रहेको र त्यसका लागि निम्नवर्गीय एकता तयार भइरहेको अवस्था र त्यसको अपरिहार्यलाई देखाउनु यस लेखको उद्देश्य हो। यो अनुसन्धान गुणात्मक अध्ययनपद्धतिमा आधारित छ। यसका लागि पुस्तकालयीय कार्यबाट सामग्रीको सङ्कलन गरिएको छ। यसको सैद्धान्तिक ढाँचाको अध्ययन गर्न मार्क्सवादको ऐतिहासिक भौतिकवाद र द्वन्द्वात्मक भौतिकवादी दर्शनलाई आधार बनाइएको छ। यस क्रममा कृतिमा निहित वर्गीय चेतनाको अध्ययनका लागि सामन्तवाद र पुँजीवादविरुद्ध निम्नवर्गीय चेतना, विस्तारवाद र साम्राज्यवादविरोधी चेतना, विकृत संस्कृतिविरोधी चेतना गरी तीन ओटा पर्याधारको उपयोग गरिएको छ। यस उपन्यासमा निम्नवर्गको मुक्तिका लागि त्यही वर्गले सचेततापूर्वक र सङ्गठित रूपमा गर्ने वर्गसङ्घर्ष अनिवार्य छ भन्ने चिन्तन प्रस्तुत भएको छ। यस उपन्यासमा नेपाली जनतामाथि सामन्ती राजतन्त्रद्वारा गरिएको उत्पीडन, निम्नवर्गीय किसानमाथि सामन्ती साहुद्वारा गरिएको उत्पीडन, कारखानमा काम गर्ने मजदुरमाथि कारखाना मालिकले गरेको उत्पीडन, महिलाहरूमाथि पितृसत्तात्मक सामाजिक व्यवस्थाले गरेको उत्पीडनलाई चित्रित गर्दै उत्पीडितहरूमा जागृत भएको शोषण, दमन र उत्पीडनविरोधी चेतना प्रस्तुत भएको छ।

***शब्दकुञ्जी :*** पुँजीवाद, वर्गमुक्ति, वर्गसङ्घर्ष, विस्तारवाद, सामन्तवाद

## विषयपरिचय

प्रस्तुत अध्ययनको उद्देश्य आहुतिको नयाँ घर उपन्यासमा अभिव्यक्त वर्गीय चेतनाको विश्लेषण गर्नु रहेको छ। वर्गीय चेतना वर्गका सम्बन्धमा व्यक्त भएको चेतना हो। मार्क्सवादले वर्गका सम्बन्धमा महत्त्वपूर्ण दृष्टिकोण प्रस्तुत गरेको छ। यस दर्शनले समाज वर्गीय हुन्छ भन्ने धारणा व्यक्त गर्दछ। यसका अनुसार वर्ग जनताका ती ठुला समूहहरूलाई वर्ग भनिन्छ, जुन ऐतिहासिक रूपले निर्धारित उत्पादनको व्यवस्थामा उनीहरूको स्थानले, उत्पादनका साधनहरूसँग उनीहरूको सम्बन्ध( जुन प्रायः कानुनले निर्धारण गरेको हुन्छ) ले, श्रमको सामाजिक सङ्गठनमा उनीहरूको भूमिकाले र अन्ततः सामाजिक सम्पत्तिको भोगचलनमा उनीहरूको भागिदारी तथा त्यसलाई

१. नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, नेपाल
Email: amritaregmi99@gmail.com, https://orcid.org 0009-000945-4507-9203
Article history: Received on: Nov. 1, 2024; Accepted on: Dec. 18, 2024; Published on: Jan. 31, 2025
Peer Reviewed under the authority of THE ACADEMIA, journal of NUTAN, central committee, Kathmandu, Nepal, with ISSN 2350-8671 (Print).
Creative Commons Attribution-Non Commercial-No Derivatives 4.0 International License.

प्राप्त गर्ने तरिकाले एकअर्काबाट फरक हुन्छन् (लेनिन, सन् १९१९, पृ.४८१-४८२)। समाजका वर्गहरू त्यस समाजको उत्पादनव्यवस्थाअनुरूप नै निर्माण भएका हुन्छन्। उत्पादन र उपभोगका बिचको सम्बन्धका कारण नै वर्गहरूको उत्पत्ति भएको हो। समाजको उत्पादनव्यवस्थामा मानिसहरूका स्थानले वर्ग निर्धारण गर्दछन्। उत्पादनका साधनमाथिको स्वामित्व रहेको वर्गले स्वामित्वबाट वञ्चित रहेको वर्गलाई शोषण, दमन र उत्पीडन गर्ने गर्दछ। नेपालका सन्दर्भमा उत्पादनका साधनमाथि स्वामित्व भएर पनि एकातिर जीवनको अवस्था नाजुक भएको ठुलो सङ्ख्या र अर्कातिर उत्पादनका साधनमा कुनै स्वामित्व नभएको सर्वहारा मजदुरलाई श्रमजीवी वर्गमा राख्न सकिन्छ (भुसाल, २०६४, पृ.२९०)। वर्गीय चेतना उत्पादनका साधनहरूसँगको सम्बन्धका आधारमा समाजमा देखापरेको खास वर्गप्रतिको पक्षधरता हो। वर्गयुक्त समाजमा एउटा वर्गको आर्थिक, राजनीतिक, सामाजिक तथा सांस्कृतिक स्वार्थ अर्को वर्गसँग मेल खाँदैन (बञ्जरा, २०८०, पृ.१७)। यस्तो अवस्थामा विपरीत स्वार्थ भएका वर्गबिच आपसी सङ्घर्ष चलिरहन्छ।

आहुति (२०२४) नेपाली साहित्यका विविध विधामा कलम चलाउने व्यक्तित्व हुन्। आहुतिका तपस्वीका गीतहरू (२०४९) र गहुँगोरो अफ्रिका कवितासङ्ग्रह, नयाँ घर २०५० र स्खलन २०५९ उपन्यास, जातवार्ता (२०७४) लगायत वैचारिक कृतिहरू प्रकाशित छन्। नयाँ घर नेपाली समाजमा भएका आर्थिक, सामाजिक र सांस्कृतिक शोषणका विरुद्ध लेखिएको प्रगतिवादी उपन्यास हो। प्रगतिवादको दार्शनिक धरातल मार्क्सवाद हो। मार्क्सवाद जीवनजगत्लाई वैज्ञानिक किसिमले हेर्ने र व्याख्या गर्ने मात्र नभएर मानवमुक्तिका बाटाहरू देखाउने क्रान्तिकारी दर्शन हो। यस दर्शनले उत्पादनका साधनहरूको यस उपन्यासमा समाज, शोषण, शोषक र शोषितहरूबिच स्पष्ट रेखाङ्कन गरी शोषणका विविध प्रवृत्तिप्रति तीव्र प्रहार गरिएको छ। नेपाली वामपन्थी राजनीतिक आन्दोलनलाई आधार मानेर रचना गरिएको यो कृति पञ्चायतकालीन समयको नेपाली कम्युनिस्ट आन्दोलनको गाथाका रूपमा आएको छ। यस उपन्यासमा पञ्चायतकालीन नेपाली समाजमा प्रधानपञ्चद्वारा किसानहरूमाथि साथै पुँजीपतिद्वारा कारखानामा काम गर्ने मजदुरमाथि गरिएको गरिएको शोषण, दमन र उत्पीडनका विरुद्ध उत्पीडित जनतामा चेतना जागृत भएको अवस्थालाई देखाइएको छ। यस उपन्यासमा भारतीय विस्तारवाद र विश्व पुँजीवादी साम्राज्यवादले नेपालमाथि चरम शोषण गरेको अवस्थालाई देखाउँदै यसको विरोध गरिएको छ भने नेपाली समाजको विकृत संस्कृतिविरुद्ध नवीन सांस्कृतिक चेतना पनि अभिव्यक्त भएको छ। प्रस्तुत अध्ययनमा नयाँ घर उपन्यासमा वर्गीय चेतनाको अभिव्यक्ति कसरी भएको छ र विभेदकारी सामाजिक आर्थिक संरचनाको अन्त्यका लागि केकस्तो दृष्टिकोण व्यक्त भएको छ भन्ने तथ्यको विश्लेषण गरिएको छ।

## अध्ययनविधि र विश्लेषणको सैद्धान्तिक आधार

प्रस्तुत अध्ययनमा निर्धारित उद्देश्य पूरा गर्न नयाँ घर उपन्यासमा चित्रित वर्गीय चेतनाका विविध आयामका साथै तिनीहरूबिचको द्वन्द्वका कारण र परिणतिका सम्बन्धमा व्यक्त भएका विचारलाई प्राथमिक सामग्रीका रूपमा सङ्कलन गरिएको छ। यसरी सङ्कलन गरिएका सामग्रीबाट प्राप्त भएका तथ्यको विश्लेषण र मूल्याङ्कन गरी निष्कर्षसम्म पुग्नका लागि मार्क्सवादी दर्शनले प्रस्तुत गरेका वर्गसम्बन्धी मान्यता र यस मान्यताको विश्लेषण गरिएका अन्य सैद्धान्तिक र प्रायोगिक ग्रन्थहरूलाई द्वितीयक सामग्रीका रूपमा सङ्कलन गरिएको छ। यी सामग्रीको उपयोग गरी नयाँ घर उपन्यासमा अभिव्यक्त वर्गीय चेतनाको विश्लेषणका लागि क) सामन्तवाद र पुँजीवादविरोधी चेतना, ख) विस्तारवाद र साम्राज्यवादविरोधी चेतना, र ग) विकृत संस्कृतिविरोधी चेतना गरी तीन ओटा पर्याधारको निर्माण गरिएको छ र पाठविश्लेषण विधिबाट अर्थापन गरिएको छ।

वर्ग मानवको आर्थिक सामाजिक अवस्थाले निर्माण गरेको स्थिति हो । यसले मानव मानवबिच भएका आर्थिक सामाजिक विभेदका अवस्थालाई दर्साउँछ। मार्क्सवादले मानव समाजको इतिहासलाई वर्गसङ्घर्षको इतिहास मानेको छ (मार्क्स र एङ्गेल्स, सन् १९९८, पृ.१५) । यसले वर्गको निर्माण आर्थिक शोषणका आधारमा तय हुन्छ भन्ने मान्दछ। निजी आर्थिक स्वामित्व, सामाजिक उत्पादनपद्धति लगायतले सामाजिक वर्गको निर्माण गर्ने र यी वर्गहरूबिचको निरन्तर सङ्घर्षमा नै सामाजिक विकासले गति लिने यसको धारणा छ (मार्क्स र एङ्गेल्स, सन् १९९८, पृ.१५) । यसले प्रकृतिका सबै वस्तु परिवर्तनशील छन् र त्यस्तो परिवर्तनको आधार द्वन्द्व हो भन्ने कुरा स्वीकार गर्दछ। यसरी हेर्दा वर्ग त्यस्तो सामाजिक अवधारणाका रूपमा स्थापित छ जहाँ आर्थिक उत्पादनका साधनमाथिको स्वामित्व तथा त्यसका माध्यमबाट शोषण गर्ने प्रवृत्तिका कारण समाजमा यसको जन्म हुन्छ (भट्टराई, २०७७, पृ.६६) । यस दर्शनले मानव सभ्यताको विकाससँगै शोषक र शोषित एवं उत्पीडक र उत्पीडित वर्गले युक्त समाजमा उपल्लो वर्गले सामाजिक संरचनाका हरेक व्यवस्थामा आफ्नो वर्चस्व जमाएको र आफ्नो स्वार्थ र हितका पक्षमा काम गरिरहेको हुन्छ भन्ने धारणा राख्दछ यसको द्वन्द्ववादी दर्शनले पदार्थमा गति रहने र हरेक वस्तुहरूबिचको आपसी सम्बन्ध र द्वन्द्वले वस्तुमा गुणात्मक र मात्रात्मक परिवर्तन आउने मान्यता राख्दछ भने ऐतिहासिक दर्शनले समाज विकासको गति सङ्घर्षबाट नै अगाडि बढ्ने मान्यता राख्दछ।

द्वन्द्वात्मक भौतिकवादले प्रकृतिका सम्पूर्ण वस्तु गतिशील र परिवर्तनशील छन् भन्ने दृष्टिकोण राख्दछ। यसले विश्वलाई वस्तुहरूको समूह नभएर घटनाहरूको समूह भएको र हामीले वस्तु ठानेको विषय परिवर्तनशील प्रवाह मात्र भएको भएको (सांकृत्यायन, सन् १९८१, पृ.२२) मान्यता राख्दछ। । यसले हरेक पुरानो वस्तु समाप्त हुन्छ र त्यसलाई नयाँ वस्तुले विस्थापित गरेर आफू स्थापित हुन्छ भन्ने मान्यता राख्दछ। यसले यथार्थ जगत्का वस्तु र घटना छुट्टाछुट्टै रूपमा नभएर एकअर्काको अन्तर्सम्बन्ध र अन्तर्सङ्घर्षबाट विकसित र परिवर्तित हुन्छन् भन्ने कुरालाई स्पष्ट गर्दछ। द्वन्द्ववादले प्रत्येक वस्तुमा रहेका विपरीत तत्त्वका बिचमा निश्चित सीमासम्म एकत्व र अन्तर्सङ्घर्ष सँगसँग चलिरहने र यही द्वन्द्वका कारणले वस्तुमा गुणात्मक र मात्रात्मक परिवर्तन हुने कुरालाई व्याख्या गर्दछ (अफानास्येभ, सन् १९७७, पृ.९०)। यही द्वन्द्व र सङ्घर्षको सर्वमान्य धारणा प्रकृति र विचारका सबै पक्षमा लागु हुन्छ भन्ने मार्क्सवादको धारणा रहेको छ।

मार्क्सवादले भौतिक साधनको उत्पादन र पुनरुत्पादन समाज विकास र सामाजिक अस्तित्वको अनिवार्य सर्त हो भन्ने मान्दछ। उत्पादनप्रणालीमा वर्गीय स्वामित्व स्थापित भएपछि समाजमा वर्गसङ्घर्षको विकास हुन्छ। यसले सङ्घर्षबाट नै समाज विकासको गति अगाडि बढ्दछ भन्ने मान्यता राख्दछ। उत्पादन प्रक्रिया र वितरणप्रणालीमा भएको असमानताले वर्गसङ्घर्ष ल्याएको र यो नै सामाजिक संरचना परिवर्तनको आधार भएको मार्क्सवादको धारणा छ। मार्क्सवादले सामाजिक विकासको प्रमुख र निर्णयक शक्ति नै भौतिक शक्ति भएकाले उत्पादनपद्धति तथा उत्पादनसम्बन्धहरूले कुन किसिमले अरू कुनै सामाजिक सम्बन्धको निरूपण गर्दछन् र सामाजिक सम्बन्धहरूले पनि समाजको आर्थिक विकासमा कसरी प्रभाव पार्दछन् भन्ने विषयको व्याख्या गर्दछ (गौतम, २०४९, पृ.३१-३२) । यस चिन्तनले भौतिक शक्तिलाई समाज परिवर्तनको प्रमुख स्रोत मान्दै उत्पादनका साधन र उत्पादन सम्बन्धहरूबिचको द्वन्द्वले नयाँ सामाजिक व्यवस्था स्थापित हुन्छ भन्ने चिन्तन व्यक्त गर्दछ। प्रगतिवादी साहित्य चिन्तनले कलासाहित्यलाई वर्गसापेक्ष मान्दछ। यसले वर्गविभक्त समाजमा साहित्यको स्वरूप पनि वर्गीय हुने र यसले खास वर्गको स्वार्थलाई पक्षपोषण गर्दछ भन्ने धारणा राख्दछ। प्रगतिवादी साहित्यले सधैँ निम्नवर्गीय पक्षधरता अँगाल्छ। प्रगतिवादी उपन्यासमा वर्गीय चेतना यसको विषय, पात्र र परिवेशका

साथै लेखकीय दृष्टिकोणका माध्यमबाट प्रकट भएको हुन्छ। प्रस्तुत अध्ययनमा नयाँ घर उपन्यासको विषय, पात्र, परिवेशका साथै लेखकीय दृष्टिकोणका माध्यमबाट नेपाली समाजको विभेदकारी आर्थिक सांस्कृतिक संरचनाविरुद्ध केकस्तो वर्गीय चेतना प्रस्तुत भएको छ भन्ने विषयको विश्लेषण गरिएको छ। यसका लागि सामन्तवाद र पुँजीवादविरोधी चेतना, विस्तारवाद र साम्राज्यवादविरोधी चेतना, विकृत संस्कृतिविरोधी चेतना गरी तिन ओटा पर्याधारको निर्माण गरिएको छ र पाठविश्लेषण विधिका माध्यमबाट नयाँ घर उपन्यासमा चित्रित वर्गीय चेतनाको विश्लेषण गरिएको छ।

## परिणति र सन्देश

आहुतिको नयाँ घर उपन्यासमा नेपाली समाजको पञ्चायती व्यवस्थाकालीन वर्गीय यर्थाथलाई देखाउँदै वर्गीय उत्पीडनका विरुद्ध कम्युनिष्ट पार्टीले गरेको राजनीतिक सङ्घर्षलाई प्रतिविम्बित गरिएको छ। यस उपन्यासमा नेपाली समाजमा सामन्तवादले जमिनमाथिको नियन्त्रणका माध्यमबाट र पुँजीवादले उत्पादनका साधनमाथिको नियन्त्रणका माध्यमबाट निम्नवर्गीय नेपाली जनतामाथि अमानवीय शोषण गरेका छन् भन्ने चिन्तन व्यक्त भएको छ। यस उपन्यासमा सामाजिक उत्पादनका साधनमाथि सामन्ती र पुँजीपति वर्गको नियन्त्रणले विभेदमा आधारित सामाजिक चरित्रको निर्माण गरेको र र यसले मानवीय सङ्कटको स्थिति निम्त्याएको विचार व्यक्त भएको छ। यस लेखमा तत्कालीन नेपाली समाजमा निम्नवर्गीय जनताले जीविकोपार्जन गर्न नसक्ने र दिनरात भोकभोकै वस्नुपर्ने अवस्था सामन्तवादी र पुँजीवादी व्यवस्थाद्वारा गरिएको चरम शोषण र दमनको परिणति हो भन्ने धारणा उपन्यासमा व्यक्त भएको निष्कर्ष निकालिएको छ। यस क्रममा तत्कालीन सामाजिक यथार्थप्रतिको उपन्यासकारको दृष्टिकोण, विभेदकारी सामाजिक आर्थिक अवस्था र यसको कारणबारे उपन्यासमा अभिव्यक्त विचारका आधारमा उपन्यासकारका विचारधाराको विश्लेषण गरिएको छ। यसका लागि समाजमा रहेको वर्गीय विभेदको कारण र त्यसको समाधानका सन्दर्भमा उपन्यासमा व्यक्त भएका विचारहरूलाई केन्द्रमा राखेर बुँदागत रूपमा विमर्श गरिएको छ र त्यसका आधारमा निष्कर्षमा पुगिएको छ।

## सामन्तवाद र पुँजीवादविरोधी चेतना

सामन्तवाद कृषिप्रणालीमा आधारित आर्थिक संरचना हो भने पुँजीवाद औद्योगिक व्यवस्थामा आधारित अर्थप्रणाली हो। आधारभूत आर्थिक संरचना कृषिप्रणालीमाथि आधारित भएको भूमि अनुदानका आधारमा निर्माण, विकास र सञ्चालन हुने राजनैतिक प्रशासनिक ढाँचाअन्तर्गतको समग्र सामाजिक व्यवस्थालाई सामन्तवादी व्यवस्था हो (अर्याल, २०५०, पृ.३८)। नेपाली समाजको सामन्तवादको स्वरूप पाश्चात्य जगतको सामन्तवादी स्वरूपभन्दा केही भिन्न खालको छ। नेपाली समाजको सामन्तवाद सम्पत्तिका साथै वर्णविभाजित समाज पनि हो। नेपाली समाजमा रहेको सामन्तवादको वर्णविभाजन सामाजिक श्रमविभाजनका क्रममा स्थापित हुन पुगेको हो (अर्याल, २०५०, पृ.५०)। यस व्यवस्थाले पेसागत काम या श्रमको विशिष्टीकरणका आधारमा समाजलाई थप विभाजित गरेको देखिन्छ। पुँजीवाद नाफा कमाउने उद्देश्यले उत्पादनका साधनमाथि निजी स्वामित्व स्थापित गर्ने आर्थिक प्रणाली हो। यी दुवै उत्पादनप्रणालीमा सम्पत्तिमाथि व्यक्तिगत स्वामित्व रहन्छ। यसमध्ये सामन्तवादी प्रणालीले उत्पादनलाई आफ्नो नियन्त्रणमा लिन्छ र त्यसैका आधारमा भूमिहीनमाथि नियन्त्रण स्थापना गर्दछ भने पुँजीवादी उत्पादनव्यवस्थाले उत्पादनका साधनमाथिको नियन्त्रणमार्फत नाफा आर्जन गरी पुँजीको अन्तहीन सञ्चिति गर्दछ। यसको अन्त्यहीन पुँजीसञ्चितिको आधार विभिन्न आधारमा गरिने श्रमिकहरूको श्रमशक्तिको शोषण नै हो।

नयाँ घर उपन्यासमा नेपाली उत्पीडित वर्गद्वारा सामन्तवादी र पुँजीवादी व्यवस्थाका विरुद्ध गरिएको सङ्घर्षलाई देखाइएको छ । यस उपन्यासमा नेपाली जनतामाथिको उत्पीडन सामन्तवादी र पुँजीवादी व्यवस्थामार्फत व्यवस्थित गरिएको छ भन्ने सन्दर्भलाई देखाउँदै यसका विरुद्ध नेपाली किसान र मजदुर वर्गले सचेत रूपमा गरेको वर्गसङ्घर्षलाई देखाइएको छ। उपन्यासको कथावस्तु, पात्र, परिवेशका साथै उनीहरूका संवादले वर्गमुक्तिका लागि वर्गसङ्घर्षको अनिवार्यतालाई चित्रित गरेका छन् । उपन्यासमा निम्नवर्गको गरिबीको कारण सामन्तवादी र पुँजीवादी उत्पादनव्यवस्थाद्वारा गरिएको आर्थिक शोषण नै हो भन्ने विषयलाई सन्दर्भसहित पुष्टि गरिएको छ। उपन्यासमा थोरै मात्र व्यक्तिका हातमा प्रकृतिको विपुल सम्पदामाथिको नियन्त्रण भएकै कारण असङ्ख्य जनता प्रताडित बनेका हुन् भन्ने विचार प्रस्तुत भएको छ। गरिबीका सन्दर्भमा उपन्यासको नायक सूर्यले भनेको छ : “आजका घरबारविहीन मान्छेहरूको वा उनीहरूका पुर्खाहरूको पनि कतै न कतै कुनै बेला सम्पत्ति थियो तर यो खराब व्यवस्थाले घरबारविहीन हुन विस्तारै बाध्य बनायो । जुन संसारमा एकथरी मान्छेहरू काम नगरीकन रगतले मोटाएर महलहरूमा रक्तव्यापारको योजना बनाउँछन् र अर्काथरी मान्छेहरू सिरिफ रगत बगाएर अरूको लागि सिरिफ मेसिनसरह बाँच्दछन्” (पृ.१४०) । उपन्यासको यस अंशमा व्यक्त भएको विचार मार्क्सवादी दर्शनले प्रस्तुत गरेको वर्गद्वन्द्वसम्बन्धी चिन्तनबाट प्रभावित छ । मार्क्सवादले आर्थिक उत्पादनका साधनमाथिको स्वामित्व तथा त्यसका माध्यमबाट शोषण गर्ने प्रवृत्तिका कारण समाजमा वर्गको जन्म हुन्छ भन्ने धारणा राख्दछ। यहाँ पनि आर्थिक आधारमाथिको शोषणकै आधारमा एकथरी मान्छेहरू शोषक बनेको र अर्काथरी शोषणमा परेको सन्दर्भलाई चित्रित गरिएको छ। समाजमा भएको यस शोषणबाट मुक्तिका लागि शोषितहरूले एकताबद्ध भएर सङ्घर्ष गर्नुपर्ने अनिवार्य आवश्यकतालाई पनि यस उपन्यासमा देखाइएको छ।

नयाँ घर उपन्यासमा सामन्तवाद र पुँजीवादले गर्ने आर्थिक शोषण नै आधारभूत शोषण हो भन्ने चेतना प्रस्तुत छ। सामन्तवादी उत्पादनव्यवस्थामा किसानहरूको र पुँजीवादी व्यवस्थामा मजदुरको श्रमशक्तिको शोषण नै आर्थिक शोषणको मूल आधार हो। यस उपन्यासमा पञ्चायतकालीन नेपाली समाजको आर्थिक शोषण सामन्तवाद र पुँजीवादको साँठगाँठमा व्यवस्थित भएको अवस्थालाई चित्रित गरिएको छ। यस उपन्यासमा सामन्तवादको प्रमुख संरचनाका रूपमा पञ्चायती व्यवस्था आएको छ । यहाँ सामन्तवादको मतियारका रूपमा रहेर प्रधानपञ्चले निम्नवर्गीय किसानमाथि विभिन्न अमानवीय दमन र शोषण गरेको र यसले नै पुँजीवादसँग साँठगाँठ गरी कारखाना मालिकका माध्यमबाट निम्नवर्गीय मजदुरमाथि पनि शोषण र दमन गरेको अवस्था प्रस्तुत छ। उपन्यासमा चित्रित नेपाली समाजको यस अवस्थाले नेपाली समाजमा सामन्तवादी र पुँजीवादी उत्पादनव्यवस्थाले एकअर्कासँग मिलेर नेपाली निम्नवर्गीय जनतामाथि शोषण, दमन र उत्पीडन गरेका छन् भन्ने सन्दर्भलाई दर्शाएको छ । यहाँ नेपाली जनतामाथिका यी शोषणका विरुद्ध किसान, मजदुर, महिला, उत्पीडित, दलित, जनजाति, बौद्धिक समुदायलगायतमा जागृत भएको चेतनाले वर्गद्वन्द्वको अवस्था निर्मित र विकसित गरेको छ । उपन्यासमा आएको ‘यो देश जाली फटाहाहरूको हैन, यो देश हाम्रो हो, हामी गरिबहरूको हो, बाह्रै महिना आँखा डाम्ने चर्को घाममा माटोसँग खेल्ने हामी कामदारहरूको हो (पृ.१३१) भन्ने अभिव्यक्तिले निम्न वर्गमा आएको अधिकारप्रतिको चेतनालाई चित्रित गरेको छ। यस भनाइले लेखकमा रहेको निम्नवर्गीय पक्षधरता र उच्चवर्गीय दमनका विरुद्ध उत्पीडितहरूमा जागृत विद्रोहचेतनालाई पनि देखाएको छ।

नयाँ घर उपन्यासको मूल पक्ष सामन्तवाद तथा पुँजीवादविरोधी वर्गीय चेतना हो। उपन्यासका मुख्य पात्रहरू सूर्य, किरण, प्रकाश, सिलसिला, शान्ति मार्क्सवादी दर्शनप्रति प्रतिबद्ध छन्। उनीहरूले निम्नवर्गीय मुक्तिका लागि सङ्घर्ष गर्ने सामूहिक जीवनशैलीलाई नयाँ घर मानेका छन्। उपन्यासका पात्रहरूमा रहेको निम्नवर्गप्रतिको पक्षधरता र निम्नवर्गीय न्यायका लागि उनीहरूको प्रतिबद्धताले वर्गचेतनाको स्वरूपलाई प्रस्तुत गरेको छ। उनीहरूले भनेका छन् : "हामी सूर्यका सन्तान हौँ। हामीले निम्नु हुँदैन। सत्यको निम्ति मात्र सत्यको निम्ति हामी लड्छौँ। कि मृत्यु होला कि मुक्ति होला तर सत्यका लागि हामी लड्छौँ साथी। अनि एकदिन यो धर्तीमा रातो झण्डा गाडिने छ" (पृ.१७९)। उनीहरूद्वारा व्यक्त भएका यी भनाइबाट उनीहरू मार्क्सवादी दर्शनले परिकल्पना गरेको साम्यवादी समाजनिर्माणका लागि प्रतिबद्ध छन् र यसैका लागि क्रान्तिमा समर्पित पनि छन् भन्ने स्पष्ट देखिन्छ। प्रकृतिमाथि सबै मानिसको समान हक स्थापित हुनुपर्ने र समाजमा त्यो दिन अनिवार्य आउँने मार्क्सवादी चिन्तनाई मूल आधार बनाएर उनीहरू त्यसकै लागि क्रान्तिमा समर्पित भएका छन्। यी पात्रले परम्परादेखि नै सामाजिक संरचनामा रहेका आर्थिक, सामाजिक दमन र शोषणबाट पिल्सिएका वर्गलाई निरन्तर सङ्घर्षमा लागिपर्न आह्वान गर्दै जीवनका कठिनभन्दा कठिन समयमा पनि वर्गीय आन्दोलनमा लागि पर्न उपन्यासका पात्रले प्रेरणा प्रदान गरेका छन्। यी पात्र सामन्तवाद र पुँजीवादी व्यवस्थाबाट स्वयं उत्पीडित छन्। यस उपन्यासको मूल पात्र सूर्य र उसको परिवार प्रधानपञ्चका शोषणमा परेर दैनिक जीवन धान्नसमेत धौधौ पर्ने अवस्थाबाट गुज्रिएको छ। गाउँको शोषकले निम्नवर्गीय किसानहरूसँग रहेको केही घरजग्गासमेत आफ्नो बनाउने षडयन्त्र गरेको छ। उपन्यासको प्रमुख पात्र सूर्यको परिवार घरमा खानेकुरा केही नभएर भोकभोकै बस्नुपर्ने (पृ.३७) दयनीय स्थितिमा छ। अशक्त अवस्थामा प्रधानपञ्चका घरमा मजदुरी गर्दागर्दै सूर्यका हजुरबाको ज्यान गएको छ। प्रधानपञ्चले झुटो आरोप लगाउँदै प्रकाशको सम्पूर्ण सम्पत्ति आफ्ना हातमा पारेको छ। सामाजिक संरचनाको प्रतिनिधित्व गरेका यी पात्र पञ्चायती शासनका सामन्ती जमिन्दार वर्गबाट शोषित बन्न पुगेका पात्र हुन्। चरम शोषणबाट पिल्सिएपछि उनीहरूमा गरिबी नै शोषणको मूल कारण भएको यस शोषणको मूल जरो पञ्चायती शासनव्यवस्था नै हो भन्ने सचेतता उत्पन्न भएको छ। यसको समाधान सर्वहारावर्गीय अधिनायकत्वबाट मात्र सम्भव छ भन्ने कुराप्रति निम्नवर्ग सचेत बनेका छन् र यस व्यवस्थाका विरुद्ध प्रतिबद्धतासहितको क्रान्तिमा सामेल भएका छन्। यस उपन्यासमा निम्न वर्गको मुक्तिका लागि सोही वर्ग जागरूक हुनुपर्छ र आफ्नो अधिकारको लागि स्वयं सङ्घर्ष गर्न तयार हुनुपर्छ भन्ने चिन्तन निम्नानुसार व्यक्त भएको छ "अब गाउँ गाउँबाट कमिलाको ताँती जस्तै आफ्नो लागि, आफ्नो बच्चाहरूको भविष्यको लागि ज्यानको बाजी थापेर उठ्नु पर्छ, लड्नै पर्छ। परेलालाई आँसुले भिजाएर कसैले हत्केलामा सुख ल्याएर हालिदिँदैन, यो सबैले बुझ्नै पर्छ।" (पृ.१३२)। यसै सचेतताका कारण नै व्यवस्थापरिवर्तनका लागि कम्युनिस्ट विचारधाराप्रति प्रतिबद्ध हुँदै यहाँका पात्रहरू मुक्तियुद्धमा लागेका छन्। यी पात्रहरू यो देश वर्षौंदेखि काम नगरी खाने जारी जाली फटाहा र कामचोरहरूको हातमा परेको छ र यो देशका गरिबको रगत पिउने शोषकहरू जनतालाई गोलीले सर्पले जस्तै डसेर गरिबको रगतबाट बनेको आफ्नो स्वर्गलाई सधैँभरि टिकाउन चाहन्छन् (पृ.१३१) भन्नेतर्फ उनीहरू हरपल सचेत छन्। यस उपन्यासमा जाल र छलकपटको प्रयोग गरेर आफ्नो स्वार्थपूर्ति गर्ने शोषक वर्गका विरुद्ध सङ्गठित शक्तिका साथ लागेका छन्।

नयाँ घर उपन्यासमा सामन्तवादी र पुँजीवादी उत्पादनव्यवस्थाको अन्त्य नै निम्नवर्गीय किसान, मजदुरलगायत सबै उत्पीडितहरूको मुक्तिको आधार हो भन्ने चेतना प्रस्तुत छ। यस उपन्यासमा सामन्तवाद र पुँजीवादलाई उत्पीडनकारी व्यवस्थाका रूपमा चित्रित गर्दै निम्नवर्गीय किसान र मजदुर वर्गमा यी व्यवस्थाविरुद्ध

जागृत विद्रोही चेतना प्रतिविम्बन भएको छ। उपन्यासका निम्नवर्गीय पात्रहरूमा जागृत सामन्तवादी र पुँजीवादी शोषण विरुद्धको चेतनाका कारण नै जमिन्दार र किसानहरूबिच, पुँजीपति साहु दलाल र निम्नवर्गीय जनताबिच अन्तर्विरोध र प्रतिरोधको अवस्था सिर्जना भएको देखिन्छ। उपन्यासमा रहेका निम्नवर्गीय पात्रहरू वर्गसङ्घर्ष नै वर्गीय मुक्तिको आधार भएकाले समानतामूलक समाज निर्माण गर्नका लागि निम्नवर्गको नेतृत्वमा हुने साङ्गठनिक प्रतिबद्धतासहितको वर्गसङ्घर्षको चेतनाद्वारा ओतप्रोत भएका छन्।

## विस्तारवाद र साम्राज्यवादविरोधी चेतना

नयाँ घर उपन्यासले देशभित्रको सामन्तवादी पुँजीवादी संस्कृतिका विरुद्ध मात्र विद्रोह नगरी भारतीय हस्तक्षेपकारी नीति तथा विश्वका पुँजीवादी राष्ट्रहरूको साम्राज्यवादी नीतिको समेत खुलेर विरोध गरेको छ। यस उपन्यासमा भारतीय विस्तारवादी नीति तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत चलाइने पुँजीवादी राष्ट्रहरूका साम्राज्यवादी नीतिलाई मूल रूपमा प्रहार गरिएको छ। उपन्यासमा भारतले कुनै पनि पक्षबाट नेपाललाई हित हुने काम नगरेको बरु हरेक पक्षबाट शोषण गरिरहेको चिन्तन वयक्त भएको छ। विभिन्न बहानामा भारतीय पुँजीपति दलालहरूले गरिरहेको नेपाली मजदुरहरूको श्रमशोषण आफ्नो स्वार्थअनुकूल गरिरहेको असमान सन्धि सम्झौता, सीमा अतिक्रमण तथा भारतीय कालोबजारीका विरुद्ध सचेत नेपाली क्रान्तिकारीहरूले बुलन्द आवाज उठाएका छन्। भारतीय नीतिको विरोध गर्दै उपन्यासको नायक सूर्यले भनेको छ :

> भारत अपराधी नै हो। उसले वर्षौंदेखि नेपाललाई आफ्नो मुठ्ठीमा लिने जमर्को गरेको छ। नेपालका शासकहरूको दास मनोवृत्तिका कारणले उनीहरू सफल पनि भएका छन्। तर भारतीय शासक वर्गको अपराधको विरुद्ध यही दास मनोवृत्तिले लड्न सकिन्छ ? यस्तो समस्या आउनुको पछाडि पटक पटक आफ्नो सत्ता सानको रक्षाका निम्ति भारतीय शासकहरूसँग झुक्ने प्रवृत्ति प्रमुख जिम्मेवार छ किनभने हाम्रो देशलाई कसरी विश्व रङ्गमञ्चमा उतार्ने भन्ने समस्या नेपालको हो, भारतको हैन। (पृ.३८०)

उपन्यासको उपर्युक्त कथनमा नेपालको कम्युनिष्ट आन्दोलनमा लागेको चेतनशील योद्धाले व्यक्त गरेको भारतसम्बन्धी दृष्टिकोण प्रस्तुत भएको छ। यहाँ छिमेकी मुलुक भारतले आफ्नो शक्तिका आडमा नेपाललाई आफ्नो मुठीमा लिइरहेको र आफ्नो स्वार्थ र हितअनुकूल यहाँका नदीनाला, खनिजलगायत महत्त्वपूर्ण प्राकृतिक सम्पदाका साथै सबै पक्षमाथि नियन्त्रण कायम गरेको चिन्तन व्यक्त भएको छ। भारतले आफ्नो छिमेकी मुलुकलाई सहअस्तित्वशाली राष्ट्रका रूपमा नहेरी आफूनियन्त्रित राष्ट्रका रूपमा व्यवहार गर्नु र यसको दाृहन गर्नु उसको विस्तारवादी र मिचाहा योजनाअनुरूप नै तय भएको हो भन्ने धारणा यहाँ प्रस्तुत भएको छ। नेपाली शासकहरू व्यक्तिगत सत्तास्वार्थका लागि भारतीय शासकसँग झुक्ने र यसका लागि जस्तासुकै राष्ट्रघाती सम्झौता गर्न तयार हुने प्रवृत्तिले गर्दा भारतले नेपालको सम्पत्ति र स्वाभिमानमाथि नियन्त्रण कायम गर्न सकेको हो भन्ने चिन्तन यहाँ व्यक्त भएको छ।

भारतले नेपालमाथि दबाब सिर्जना गरेर विभिन्न असमान सन्धि गरेको र यस्तो अवस्था पनि भारतीय विस्तारवादी चरित्र र नेपालका राज्यसञ्चालकको राष्ट्रघाती चरित्रका कारण निर्माण भएको हो भन्ने चिन्तन उपन्यासमा व्यक्त भएको छ। उपन्यासमा भनिएको छ :

> “यदि वर्तमान सरकार राष्ट्रवादी हुन्थ्यो भने ऊ १९५० लगायतका असमान अपमानपूर्ण सन्धिका बारेमा किन एक शब्द बोल्दैन? जबकि सूचना दिएर नेपाल सरकारले ती तमाम सन्धिहरु एक्लैले खारेज गर्न सक्ने अधिकार छ। यदि नेपाल सरकार राष्ट्रवादी हुन्थ्यो भने वर्क परमिटको घोषणालाई सिर्फ तथ्याङ्क सङ्कलनको लागि मात्र भनेर किन भारतीय सरकारको अगाडि झुक्थ्यो ?”

उपन्यासको यस अंशमा पनि नेपाली शासकहरू व्यक्तिगत सत्तास्वार्थका लागि भारतीय शासकसँग झुक्ने र यसका लागि जस्तासुकै राष्ट्रघाती सम्झौता गर्न तयार हुने प्रवृत्तिले गर्दा भारतले नेपालको सम्पत्ति र स्वाभिमानमाथि नियन्त्रण कायम गर्न सकेको हो भन्ने चिन्तन व्यक्त भएको छ। भारतले आफ्नो शक्तिका भरमा गरेको अपमानपूर्ण सन्धि खारेज गर्ने अधिकार सरकारसँग भएको तर सत्तास्वार्थका कारण कुनै पनि सरकार यसका लागि तयार नहुनु उनीहरूको सत्तास्वार्थ हो भन्ने चिन्तन यहाँ व्यक्त भएको छ।

नयाँ घर उपन्यासमा पुँजीवादी साम्राज्यवादी नीतिको पनि खुलेर विरोध गरिएको छ। पुँजीवादले नेपालका प्राकृतिक स्रोत र साधनको चरम शोषण गरेको र यहाँको श्रमशक्तिको नियन्त्रणमार्फत नेपालको स्वाभिमान, स्वतन्त्रता र अस्तित्वमाथि नै प्रहार गरेको चिन्तन उपन्यासमा व्यक्त भएको छ। यहाँ वर्तमानमा पनि गरिब राष्ट्रमाथिको साम्राज्यवादी शोषण उस्तै भएको तर यसको स्वरूप फेरिएको अवस्थालाई देखाइएको छ। वर्तमानमा साम्राज्यवादले मानवअधिकार र खुलापनका नाममा विश्वसाम्राज्यवादी उत्पीडनलाई कायम राखेको छ भन्ने विचार उपन्यासमा यसरी व्यक्त भएको छ :

> “साम्राज्यवादीहरू मानवअधिकार र खुलापनको विज्ञापनमुनि आफ्नो हिंस्रक राजको आयु अरू थप्न तल्लीन छन्। विश्वका कुनै पनि देशमा जनताका माझमा नाङ्गिसकेको शासक गुट सधैँभरि टिक्न सक्तैन भन्ने उनीहरूलाई थाह छ। यस अर्थमा प्रजातन्त्र, खुलापन र मानवअधिकारको विज्ञापनमुनि साम्राज्यवादी लुटलाई कायम राख्न नाङ्गिइसकेको शासक गुटलाई फालेर जनताको उत्पीडनविरोधी आक्रोशबाट फाइदा उठाउँदै त्यो आक्रोशलाई शिथिल पार्न र फेरि नयाँ तर उही शोषक वर्गको शासक गुटलाई सत्तामा स्थापित गराइरहन चाहन्छन्।” (पृ.३९५)

उपर्युक्त उपन्यासको अंशमा साम्राज्यवादको वर्तमान स्वरूपको चित्रण गरिएको छ। वर्तमानमा साम्राज्यवादले प्रजातन्त्र र खुलापनका नाममा विपन्न देशमाथि विशिन्न आधारमा शासन गरिरहेको छ भन्ने चिन्तन यहाँ व्यक्त भएको छ। साम्राज्यवादले मानवअधिकार सङ्गठन, बहुराष्ट्रिय कम्पनी लगायतमार्फत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूमार्फत विश्वका गरिब राष्ट्रहरूमाथि नियन्त्रण कायम गरेको र यसैमार्फत विपन्न मुलुकका प्राकृतिक स्रोत र साधनका साथै त्यस देशको अर्थव्यवस्थामाथि प्रभुत्व कायम गरेको चिन्तन उपन्यासमा व्यक्त भएको छ। नेपालको राज्यसत्तामा रहनेहरू निहित स्वार्थमा फसेर साम्राज्यवादका गोटी बन्ने गरेको भन्दै यस प्रवृत्तिका विरुद्ध आवाज उठाइएको छ। आत्मनिर्भर र सुरक्षाका नाराभित्र आफ्नो संस्कृतिको प्रचार गर्ने, आन्तरिक तथ्यहरूको खोजी गर्ने साम्राज्यवादी योजनाका विरुद्ध नेपाली राष्टभक्त जनताहरूमा आएको चेतना र आक्रोश यस उपन्यासमा पाउन सकिन्छ।

## विकृत संस्कृतिविरोधी चेतना

नयाँ घर उपन्यासमा परम्परादेखि समाजमा जरा गाडेर बसेको विभेदपूर्ण संस्कृतिको अन्त्य गर्दै नवीन सांस्कृतिक चेतनाको विकास हुनुपर्ने चिन्तन व्यक्त भएको छ। नेपाली समाजमा परम्परागत रूग्ण संस्कृतिका साथसाथै पाश्चात्य विकृत संस्कृतिको प्रभाव पनि बढ्दो रूपमा रहेको छ। यस उपन्यासमा परम्परागत रूपमा रहेको जातीय शोषण, लैङ्गिक असमानता र परम्परागत धार्मिक कुसंस्कारका विरुद्ध नवीन सांस्कृतिक चेतनाको विकास देखिन्छ। यस उपन्यासमा नेपाली समाजमा विद्यमान जातीय उत्पीडनको विरोध गरिएको गरिएको छ भने नेपाली नारीहरूमाथि भएको पितृसत्तात्मक उत्पीडनका विरुद्ध प्रतिरोधी आवाज उठाइएको छ।

मार्क्सवादले नारीउत्पीडन श्रमविभाजनका कारण स्थापित भएको पितृसत्ताको विकाससँगै सुरु भएको र यो नितान्त आर्थिक कारणहरूमा आधारित रहेको धारणा राखेको छ। यसले समाजविकासका क्रममा सुरु भएका पुरुष र नारीका सम्बन्धहरूबाट सिर्जित पारिवारिक स्वरूपले सामाजिक सम्बन्धको सुरुवात गरेपछि बढ्दो जनसङ्ख्याका आवश्यकताहरूले श्रमविभाजनसँगै अधीनस्थताको विकास गरेको हो (मार्क्स एङ्गेल्स, सन् १९९८, पृ.५०) भन्ने मान्यता राख्दछ। समाजविकासका क्रममा सुरु भएका निजी सम्पत्ति, विवाह र परिवारजस्ता संस्थाहरूबाट नै पितृसत्ताको उदय हुनाका साथै श्रमको लैङ्गिक विभाजनबाट सिर्जित महिलाको सम्पत्तिमाथिको अधिकारविहीन स्थितिबाट पितृसत्तात्मक उत्पीडनको सुरुवात भएको हो (एङ्गेल्स, २०६४, पृ.१५०)। नयाँ घर उपन्यासमा पितृसत्तात्मक समाजको विकाससँगै सुरु भएका निजी सम्पत्ति, विवाह, परिवार जस्ता संस्थाहरू पितृसत्तात्मक संरचनाका आर्थिक एकाइहरू भएको धारणा व्यक्त भएको छ। यहाँ कम्युनिष्ट आन्दोलनभित्रका परिवार, व्यक्तिगत सम्पत्ति र महिलालाई हेर्ने दृष्टिकोणसँग सम्बन्धित सङ्गीन समस्यालाई सशक्त रूपमा उठाइएको छ (चैतन्य, २०७३, भूमिका)। परिवारमा महिलाहरूको सामाजिक अवैधानिकता र आर्थिक पराधीनताको आधार परिवारभित्र पुरुष मालिक र महिला अधिकारविहीन हुनु नै हो (जेट्किन, सन् २०१५, पृ.९४) भन्ने चिन्तनलाई यस उपन्यासले पनि वैचारिक आधारका रूपमा उठाएको छ। यस उपन्यासमा सामन्तवादी र पुँजीवादी समाजले नारीहरूलाई सधैँ मनोरञ्जनको साधन र नाफा कमाउने वस्तुका रूपमा मात्र प्रयोग गर्छ भन्ने विचार व्यक्त भएको छ। उपन्यासमा नेपाली समाजमा रहेको नारीमाथिको उत्पीडनको यो स्वरूपलाई पितृसत्तात्मक सामन्ती व्यवस्थाको उपजका रूपमा चित्रित गरिएको छ। यहाँ भनिएको छ “मेरी आमा र दिदी जो भुँडी फाल्ने बन्नको निम्ति चाहिने सम्पूर्ण आधारको बिचमा बाँचिरहनुभएको थियो। आमा राँडी पनि हुनुहुन्थ्यो र गरिब पनि, दिदी माइतमा बसेकी थिइन् र गरिब पनि” (पृ.५४)। नेपाली समाजले विधवा वा कुनै कारणले विवाह नगरी बसेका महिलालाई शोषण र दमन गर्नका लागि चरित्रहीनको आरोप लगाउँछ र यसै आधारमा उनीहरूलाई आजीवन उत्पीडन गर्दछ भन्ने चिन्तन यहाँ व्यक्त भएको छ। यस उपन्यासका नारी पात्रहरूले महिलाहरू केवल घरभित्रका काममा मात्र सीमित हुनुपर्ने र आर्थिक र राजनीतिक सवालमा पछि बस्नुपर्ने पितृसत्तात्मक हैकमका विरुद्ध विद्रोह गरेका छन्। उपन्यासमा आएको हजारौँ वर्षदेखि छोरीमान्छेहरूले मुख बन्द गर्न मात्र सिकेनन् बरु आफूले मुख बन्दै गरेर पनि आफ्नो कुरा भन्ने उनीहरूले सिकिसकेका छन् (पृ.१५६) भन्ने अभिवयक्तिले यस कुरालाई चित्रित गरेको छ। यस उपन्यासका नारीपात्रहरू सिलसिला, शान्ति सचेत रूपमा नवीन सांस्कृतिक चेतनासहित उभिएका नेपाली महिलाहरूका प्रतिनिधि पात्र हुन्। उपन्यासकी मुख्य नारी पात्र सिलसिला आफूले प्रेम गरेको केटासँग आफूखुसी विवाह गरेकी छ। उसले समाजको आमूल परिवर्तनका लागि महिलामुक्ति अनिवार्य भएको

धारणा व्यक्त गरेकी छ। यस उपन्यासमा महिलामुक्तिका कुरा गर्ने तर आत्त नै श्रीमतीलाई घरभित्रै सीमित गर्न खोज्ने नेपालका कम्युनिष्ट नेताहरूको प्रवृत्ति रहेको भन्दै यस प्रवृत्तिको तीव्र विरोध गरिएको छ। यस प्रवृत्तिको शिकार उपन्यासकी मुख्य पात्र सिलसिला पनि भएकी छ। यहाँ उसले आफूलाई केवल घरमा मात्र सीमित राख्न खोज्ने श्रीमानका विरुद्ध प्रतिरोध गर्दै उससँग पारपाचुके गरेकी छ र घर छाडेर हिँडेकी छ। नारी र पुरुषबिचको आपसी सम्बन्ध विश्वास र सहकार्यमा आधारित हुनुपर्छ भन्ने धारणा उपन्यासमा यसप्रकार अभिव्यक्त भएको छः "जुनबेला तिमीले ममाथि विश्वासघात गरेका छौँ, त्यसबेला बच्चामाथिको मेरो अधिकार कता हो कता बढी छ किनकि अपराधीहरूलाई अपराधमा पर्नेहरूमाथि कुनै पनि अधिकार रहँदैन" (पृ.२७३)। श्रीमानले गरेको विश्वासघातको प्रतिरोध गर्दै उससँगको सम्बन्ध तोडेर स्वतन्त्र राजनीतिक जीवन बिताइरहेकी सिलसिला आफ्नो भावना बुझ्ने सङ्गठनको साथी भन्दै क्षितिजसँग विवाहसम्बन्धमा बाँधिएकी छ तर त्यहाँ पनि आफ्नो स्वतन्त्रता र अधिकार प्राप्त गर्न नसकेपछि विद्रोह गर्दै स्वतन्त्र भएर बसेकी छ। त्यस्तै उपन्यासकी अर्की मुख्य पात्र शान्ति आफ्नो इच्छाअनुरूप नै सूर्यसँग जीवन बिताउने र क्रान्तिमा लाग्ने निर्णय गरेकी छ। उपन्यासका नारी पात्रहरूले समाजका हरेक तह र संरचनामा आफ्नो हैकम चलाउन चाहने तर नारीहरूलाई घरभित्र नै सीमित गराउन खोज्ने पितृसत्तात्मक हैकमका विरुद्ध सङ्घर्ष गरेका छन्। उनीहरूले भनेका छन् : स्त्री जीवनको त्यो अर्थ पनि त होइन कि हरदम ऊ पुरुषका आश्रयमा मात्र सुखी हुन सक्छे (पृ.२७६)। यस उपन्यासका नारी पात्रहरू अर्काको पराधीनता स्वीकार गरेर नभई सत्यका पक्षमा अडिग भएर स्वतन्त्रतापूर्वक बाँच्न विद्रोही बनेका देखिन्छन्। उनीहरू वर्गचेतनाले युक्त भएका सचेत पात्रहरू हुन्। उनहिरूले नारीलाई यौनको दृष्टिकोणभन्दा माथि राखेर हेर्न नसक्ने प्रवृत्तिप्रति विद्रोह जनाइएका छन्। उनीहरू सामन्तवादी र पुँजीवादी उत्पादनव्यवस्था पितृसत्तात्मक व्यवस्था नै भएकाले यी व्यवस्थाको अन्त्य नभएसम्म नारीमुक्ति सम्भव छैन भन्ने मार्क्सवादी मान्यताबाट प्रभावित छन्। यस उपन्यासमा लिङ्गीय शोषण र दमनलाई पनि वर्गीय शोषण नै मानिएको छ वर्गमुक्तिको सङ्घर्षबाट नै वर्गीय मुक्तिका साथै लिङ्गीय मुक्ति सम्भव छ भन्ने धारणा व्यक्त भएको छ।

नयाँ घर उपन्यासमा नेपाली समाजमा परम्परागत रूपमा रहेका धार्मिक कुसंस्कार र जातीय शोषणका विरुद्ध निम्नवर्गीय चेतना अभिव्यक्त भएको छ। यस उपन्यासमा नेपाली समाजको जातीय उत्पीडन आर्थिक उत्पीडनका आधारमा निर्मित भएको हो भन्ने चिन्तन व्यक्त भएको छ। सामन्तवादले निम्नवर्गको श्रमशक्तिमाथि नियन्त्रण कायम गर्न श्रमविभाजनको अवधारणा स्थापना गरेको र यसै आधारमा जातीय सोपानक्रमको निर्माण गरी मानवमानवबिच विभेदको शृङ्खला अगाडि बढाएको धारणा उपन्यासमा व्यक्त भएको छ। उपन्यासमा निम्नवर्गमाथिको नियन्त्रणलाई अझै कसिलो बनाउन जातीय व्यवस्थाको स्थापना भएको र यसको उद्देश्य श्रमशक्तिमाथि नियन्त्रण कायम राख्नु भएको धारणा राख्दै यसका विरुद्ध विद्रोह प्रकट भएको छ। यस उपन्यासमा दलितसमस्यालाई वर्गीय समस्याका रूपमा चित्रण गरिएको छ र यसका लागि वर्गमुक्तिको आवश्यकतालाई देखाइएको छ। उपन्यासमा प्रस्तुत वर्गीय मुक्तिका लागि सामन्ती ब्राह्मणवादी संस्कारसँग लड्ने र नवीन संस्कृतिको विकास गराउने युवा जोश नवीन सांस्कृतिक चेतनाको उदाहरण हो। यस उपन्यासका पात्रहरूले शोषक सामन्तलाई उपल्लो ठाउँमा पुऱ्याउने भऱ्याङका रूपमा प्रयोग भएका उत्पीडित दलित वर्ग सधैँभर भरिया, कुल्ली, हली, सिकर्मी, डकर्मीलगायत काम मात्र गर्नुपर्ने र उपल्लो वर्गद्वारा सधैँ शोषित हुनुपर्ने व्यवस्थाका विरुद्ध सचेत सङ्घर्ष गरेका छन्। उपन्यासका हरिमान, राजमान जस्ता पात्रहरू जातीय शोषणमा परेका प्रतिनिधि पात्रहरू हुन्। प्रधानपञ्चले हरिमानलाई बुहारीसँग अवैध सम्बन्ध भएको झुटा आरोप लगाउँदै सम्पूर्ण सम्पत्ति आफ्ना

हातमा पारेको छ। हरिमानको नाती प्रकास आफ्नो परिवारमाथि भएको शोषणकै कारण मुक्ति आन्दोलनमा लागेको छ। जातीय शोषणबाट पीडित बनेका हजारौँ प्रकाश, हरिमान र राजमनहरू मुक्तियुद्धमा सामेल भएर कुसंस्कारका विरुद्ध क्रान्तिको मसाल बोक्नुपर्ने धारणा उपन्यासमा प्रस्तुत भएको छ। जातीय उत्पीडनमा परेका वर्गले आफ्नो मुक्ति चाहने हो भने वर्गीय मुक्तिमा सामेल हुनुपर्ने आकाङ्क्षा उपन्यासमा प्रस्तुत भएको छ। तल्लो जातको भएकै कारण तानाशाही व्यवस्थाको मतियार प्रधानपञ्चद्वारा घरसम्पत्ति र घरजग्गा लुटिएको हरिमान र उसको नाती प्रकाशमा उब्जिएको कुसंस्कृति विरुद्धको वर्गीय चेतनाले क्रान्तिको बाटो लिँदै परिवर्तनकारी समाजनिर्माणमा सक्रिय बनेको छ। तानशाहहरूले जतिसुकै दमन गरून् तर इतिहास अगाडि बढिछाड्छ, यो रगतले पोतिएको महान् दिनमा हामी पनि रगत बगाउन तयार छौँ (पृ.२५७) भन्दै उपपन्यासका पात्रहरूले उच्च वर्गको स्वार्थअनुकूल निर्माण भएका सांस्कृतिक कुसंस्कारका विरुद्ध वैज्ञानिक र वस्तुवादी चिन्तनका साथमा समग्र मानवमुक्तिको लक्ष्य राखेका छन्। यस उपन्यासमा श्रमको चरम शोषण गर्ने मूल बाटो जातीय विभेदको संरचना नै हो भन्ने नवीन सांस्कृतिक चिन्तनको विकास भएको छ र दलित उत्पीडित वर्गका पक्षमा सांस्कृतिक रूपान्तरणको आकाङ्क्षा व्यक्त गरिएको छ।

## निष्कर्ष

नयाँ घर उपन्यासमा नेपाली समाजको सामन्तवाद र पुँजीवादले निम्नवर्गीय किसान र मजदुर वर्गमाथि गर्ने शोषणका साथै भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादले विभिन्न स्वरूप र आवरणमा नेपालमाथि गरेको हस्तक्षेप र अतिक्रमणका विरुद्ध जागृत विद्रोही चेतना प्रस्तुत भएको छ। यस उपन्यासमा समाजमा आपसी द्वन्द्व र अन्तर्सङ्घर्ष रहिरहने वैज्ञानिक तथ्यलाई स्वीकार गर्दै वर्गहरूको आपसी सङ्घर्षबाट समाजले परिवर्तनको गति लिने चिन्तन व्यक्त भएको छ। यस उपन्यासमा विभिन्न पात्र र उनीहरूका क्रियाकलापमार्फत सामन्तवादी र पुँजीवादी उत्पादनव्यवथाले नेपाली जनतामाथि गरेको शोषण, दमन र उत्पीडन र यसका विरुद्ध निम्नवर्गमा जागृत चेतनालाई देखाइएको छ। उपन्यासमा नेपाली समाजमा सीमित सङ्ख्यामा रहेका सामन्त र पुँजीपति वर्गको हातमा रहेका उत्पादनका साधनहरू र यसमार्फत उनीहरूले बहुसङ्ख्यक नेपाली जनतामाथि गरेको शोषणलाई देखाइएको छ। यहाँ सामन्त र पुँजीपति वर्गले गरेको चरम शोषण र दमन अनि त्यसका विरुद्ध शोषित, मजदुर, किसान, दलित, उत्पीडित वर्गले गरेको सङ्गठित क्रान्तिको चेतनामार्फत सामन्तवाद र पुँजीवादविरोधी चेतना व्यक्त भएको छ । यस उपन्यासका सूर्य, किरण, सिलसिला, शान्तिलगायत पात्रहरू वर्गीय चेतनासहितका सचेत सङ्घर्षशील पात्रहरू हुन्। यिनीहरू निम्नवर्गको अधिकारका लागि वर्गमुक्ति अनिवार्य छ भन्नेमा प्रतिबद्ध छन् र सैद्धान्तिक दृष्टिकोणसहित सचेत सङ्घर्षमा लागेका छन्। उनीहरूले नेपालको कमजोर अर्थतन्त्र र यहाँको राज्यसत्ताको गैरजिम्मेवारपनको फाइदा उठाउँदै नेपालको सीमा अतिक्रमण गरेको र यहाँका नदीनालाका साथै प्राकृतिक स्रोत र सम्पत्तिमाथि बारम्बार आक्रमण गरिरहेको साथै पुँजीवादी साम्राज्यवादले विभिन्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका माध्यमबाट नेपालको अर्थव्यवस्था र संस्कृतिमाथि निरन्तर आक्रमण गरेकोप्रति तीव्र आक्रोश व्यक्त गरेका छन्। नेपाली वर्गमुक्तिको आन्दोलन भारतीय विस्तारवादी नीतिका साथै अमेरिकी साम्राज्यवादी नीतिका विरुद्ध पनि लक्षित हुनुपर्छ भन्ने चेतना उपन्यासका सङ्घर्षशील पात्रहरूमा जागृत भएको छ र उनीहरूको सङ्घर्ष तीविरुद्ध लक्षित पनि छ। उपन्यासका सङ्घर्षशील पात्रहरू वर्गीय असमानतालाई समाप्त नपारेसम्म समानतामूलक समाज निर्माण गर्न सकिँदैन भन्नेमा पूर्ण प्रतिबद्ध छन् र यसका लागि क्रान्तिमा होमिएका छन्। यी पात्रहरूले नेपाली

महिलामाथिको उत्पीडन पितृसत्तात्मक आर्थिक सामाजिक संरचनाको उपज भएको चिन्तन प्रस्तुत गरेका छन् । यी पात्रहरू नेपाली महिलाहरूले मुक्ति प्राप्त गर्नका लागि आर्थिक समानतासहितको समतामूलक समाज स्थापना हुनुपर्नेमा सचेत देखिन्छन् र त्यसको आधार वर्गसङ्घर्ष नै हो भन्नेमा प्रतिबद्ध देखिन्छन् । यसरी यस उपन्यासमा समाज परिवर्तनका लागि वर्गसङ्घर्ष आवश्यक छ र क्रान्तिबाट नै सर्वहारा वर्गको मुक्ति सम्भव हुन्छ भन्ने विचार प्रस्तुत गर्नाका साथै मुक्तिका लागि गरिने सङ्घर्षको वैज्ञानिक र वस्तुवादी दृष्टिकोण प्रस्तुत छ । समाजमा रहेका विभेदकारी आर्थिक, सांस्कृतिक संरचनामा आमूल परिवर्तन आएमा मात्र नवीन मूल्यसहितको समुन्नत समाज निर्माण हुन्छ भन्ने चेतना उपन्यासको विषय र पात्रका साथै लेखकीय दृष्टिकोणबाट व्यक्त भएको देखिन्छ । नयाँ घर उपन्यासमा नेपाली समाजको सामन्तवादी र पुँजीवादी उत्पादनप्रणालीले सिर्जना गरेका सामाजिक सांस्कृतिक विभेदका साथै पुँजीवादी साम्राज्यवादी उत्पीडनको वैश्विक स्वरूपका विरुद्ध निम्नवर्गीय चेतना प्रस्तुत छ ।

## सन्दर्भ सामग्रीसूची


आफानास्येभ, भिक्टर (सन् १९८५). दर्शनशास्त्रको प्रारम्भिक ज्ञान. ( राजेन्द्र मास्के, अनु.). प्रगति प्रकाशन ।

अर्याल, मुरारि (२०६८). नेपालमा सामन्तवाद. सहस्राब्दी प्रकाशन ।

आहुति (२०५०/२०७३). नयाँ घर (पाँचौँ संस्क.). प्रगति पुस्तक सदन ।

एङ्गेल्स, फ्रेडरिक (२०६४). मार्क्स एङ्गेल्सका सङ्कलित रचना ३, परिवार, (राजेन्द्र मास्के, अनु.). प्रगति प्रकाशन (मूल कृति प्रकाशन सन् १८८४) ।

गौतम, देवीप्रसाद (२०४९). प्रगतिवाद : परम्परा र मान्यता. मुना गौतम ।

चैतन्य (२०५०/२०७३). 'नयाँ घर' : एक नयाँ आयाम. *नयँा घर*. प्रगति पुस्तक सदन ।

बञ्जरा, निलुफर (२०८०). ऋषिराज बरालका उपन्यासमा वर्गीयता. अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रि. वि. ।

बराल, ऋषिराज (२०४८). प्रगतिवादी नेपाली उपन्यासका मूल प्रवृत्तिहरू. अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रि. वि. ।

भट्टराई, रमेशप्रसाद (२०७७). सांस्कृतिक अध्ययन (वर्गीय, जातीय, लिङ्गीय) को सिद्धान्त र नेपाली सन्दर्भ. भुँडीपुराण प्रकाशन ।

भुसाल, घनश्याम (२०६४). आजको मार्क्सवाद र नेपाली क्रान्ति. नेपाली अध्ययन केन्द्र ।

सांस्कृतायन, राहुल (१९८१) मानवसमाज (एघारौँ संस्क.). लोकभारती प्रकाशन ।

Lenin, V.I. ( 1919). A Great Beginning. *Selected works*, volume 29. Progeress publishers, pp. 408-434.

Marx, K. and Engels, F. (1846 / 1998). *The German Idology*. Prometheus Books .

Zetkin, C. (1984/2015). *Clara Zetkin Selected Writings* (ed. Philip s. Foner). Haymarket Books.